# गण्डकी प्रदेश सरकार
# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
## पोखरा, नेपाल

**विषय : युवालाई दुर्व्यसन र विकृतिमा लाग्न निरुत्साति गर्ने कार्यक्रम कार्यान्वयन एवं संचालन प्रक्रियामा लागत साझेदारी गर्न इच्छुक संघ, संस्थालाई सुचिकृत हुने सम्वन्धि सूचन !!!**

प्रथम पटक प्रकाशित मिति : २०८१/०१/१९ गते ।

सचेतना र परामर्शको माध्यमवाट युवालाई दुर्व्यसन र विकृतिमा लाग्न निरुत्साहित गर्ने उदेश्यले सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक विकास कार्यक्रम बमोजिम "युवालाई दुर्व्यसन र विकृतिमा लाग्न निरुत्साति गर्न" परामर्श तथा प्रशिक्षण गराई कला, सीप र क्षमताको विकासका माध्यमवाट युवाहरुको भावि जिवन सहज र सरल तरिकाले यापन गर्न सक्षम वनाउनका लागी सरकारी, निजी क्षेत्र र गैह्रसरकारी संघ संस्थालाई परिचालन गरि सचेतना तथा परामर्श कार्यक्रम संचालन गर्न रु १०,०००००/- अक्षरुपी दश लाख रुपैया बजेट विनियोजन भएको र मन्त्रालयले यस कार्यक्रमलाई थप प्रभावकारी वनाउनका लागी सरकारी, निजी क्षेत्र र गैह्रसरकारी संघ संस्थाहरुको समेत साझेदारीमा गण्डकी प्रदेशका ११ वटै जिल्लाका दुई वा दुईभन्दा बढी स्थानमा कम्तिमा जम्मा ४०० जना युवाहरुलाई सहभागी गराई कार्यक्रम कार्यान्वयन गर्न चाहेकोले लागत साझेदारीको माध्यमवाट कार्यक्रम कार्यान्वयन तथा सञ्चालन गर्न सक्षम र इच्छुक सरकारी, निजी क्षेत्र र गैह्रसरकारी संघ संस्थाहरुलाई आफ्नो प्रस्तावित कार्यक्रम र देहाय वमोजिमका कागजात/विवरण संलग्न गरि सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सुचिकृत हुनको लागी सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश पोखरामा निवेदन पेश गर्नुहुन सम्बन्धित सवैमा अनुरोध छ ।

**संलग्न गर्नुपर्ने कागजात तथा विवरण :**

क) कार्यक्रम प्रस्ताव सहितको निवेदन (संस्थाको आधिकारिक लेटरहेडमा)
ख) लागत साझेदारी गर्न चाहेको रकम स्पष्ट खुलेको हुनुपर्नेछ । ( अङ्क/अक्षरमा )
ग) सरकारी निकायवाट जारी भएका वा अनुमती प्राप्त गरेका संस्था दर्ता प्रमाण पत्रहरु (स्थानीय तह, घरेलु/उद्योग, आ.रा.का., क.र.का.)
घ) संचालकहरुको ने.ना.प्र.प. तथा परिचय पत्रको प्रतिलिपि
ङ) विषयवस्तुहरु झल्कीने गरि प्रशिक्षण/अभिमुखीकरण कार्यक्रमको तालिका ।
च) गण्डकी प्रदेश सरकारवाट स्वीकृत खर्चको मापदण्ड, २०७९ बमोजिम कार्यक्रम सञ्चालन/कार्यान्वयन प्रस्ताव र आर्थिक (आय/व्यय) खर्च प्रस्ताव अलग अलग तयार गरि पेश गर्नुपर्नेछ ।
छ) साझेदारी गरि निरुत्साहन गर्न चाहेका "दुर्व्यसन र विकृतिका क्षेत्रहरु" स्पष्ट उल्लेख गरि प्रस्ताव पेश गर्नुपर्नेछ ।

थप जानकारीका लागी :
फोन : ५९०२४२, ५९०२४३
इमेल : moys.gandaki@gmail.com
website : mosd.gandaki.gov.np

उपसचिव
युवा तथा खेलकुद महाशाखा
उप सचिव